स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



प्रायः अभिनेत्री विवाहपछि हराउँछन् । त्यसैले, फिल्म क्षेत्रमा विवाहपछि अभिनेत्रीहरु पलायन हुन्छन् भन्ने गरिन्छ । अभिनेत्री केकी अधिकारीको सक्रियता भने विवाह अगाडि र पछाडि एकैनास छ । २०७९ वैशाखमा प्रेमी रोहित तिवारीसँग विवाह गरेकी केकीले विवाहले अभिनय करियरमा खासै फरक नपर्ने बताउँछिन् । विवाहपछि अभिनय र वैवाहिक जीवन एकदमै राम्रोसँग चलिरहेको उनी सुनाउँछिन् । पछिल्लो समय उनी अभिनीत फिल्म 'परदेशी २' शुक्रबार रिलिज भएको छ।

आजको विचार...



जतातते...

(दुई पेजमा)

डा.नारायण चालिसे



अभिनेतात्रय अनमोल केसी, सलोन बस्नेत र सलिनमान बनियाँ मिल्ने साथी हुन् । बेलाबेलामा उनीहरु भेट भइरहन्छन् । तन्नेरी पुस्तामा रुचाइएका यी अभिनेताबीच गोदावरीमा भेट भएको छ । गोदावरी घुमघामपछि उनीहरुले संयुक्त फोटो खिचाए, जसलाई सलोनले सामाजिक सञ्जालमा सेयर गरेका छन् । फोटो सेयर गर्दै सलोनले 'कुकिङ' भनेर तीन वटा तारा उल्लेख गरेका छन् । सलोनको संकेत हेर्दा तीन जनाबीच कुनै कामलाई लिएर योजना बनिरहेको देखिन्छ ।

❒ वर्ष २९ ❒ अंक ९० ❒ २०८० असोज २८ गते आइतबार 15 October 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# घर आँगनमा बडादसैँको आगमन

## आज घटस्थापना, घर-घरमा जमरा राखिँदै

शर्मिला थापा मगर

**पाल्पा,** असोज २७/ हिन्दूहरूको घरआँगनमा महान् चाड बडा दसैँ सुरु भएको छ । आजबाट औपचारिक रुपमा बडादसैँको आगमन भएको हो । बडादसैँको पहिलो दिन अर्थात् घटस्थापनाको दिन हो । यसदिनलाई जमरा राख्ने दिनका रुपमा समेत लिइन्छ ।

विभिन्न प्रकारका अन्नहरुको समिश्रणद्वारा आजका दिनमा राखेको जमरा विजयादशमीका दिनमा आफ्ना अग्रजहरुद्वारा निधारमा टीका लगाउँदा कपालमा वा कानमा सिउरिने परम्परा छ । घटस्थापनालाई नौ दिनसम्म दुर्गा भवानीको पूजा गर्नका लागि घट ( कलश) स्थापना गर्ने विशेष दिनका रुपमा पनि लिइने गरिन्छ । आजकै दिनबाट आउँदो दस दिनसम्म दसैँको उत्सवमय वातावरण आरम्भ भएको पनि ठानिन्छ । जमरा राख्नुपूर्व गाउँ-घरमा रातो तथा कमेरोको माटोले र सहरमा विभिन्न रङले घर लिपपोत तथा रङरोगन गरिन्छ । घर शुद्ध भएपछि मात्र देवीको आगमन हुन्छ भन्ने मान्यता छ । देवीलाई जौको जमरा मनपर्ने भएकाले घटस्थापनाको दिन विधिपूर्वक जौं, गहुँ तथा मकैलाई माटोमा छरिन्छ र टीकाको साइतमा जमरालाई फूलको रूपमा प्रयोग गर्ने चलन छ । जमरालाई समृद्धिको प्रतीक मानिन्छ । त्यसैले टीकाको दिन आफूभन्दा मान्यजनको हातबाट टीका ग्रहण गर्दा पहेँलो जमरा नै प्रयोग गरिने हुनाले जमरा उमार्न शुद्ध माटो प्रयोग गरिन्छ । घटस्थापनाको साइत आइतबार बिहान ११:२९ बजे रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । दसैँघरमा वैदिक विधिपूर्वक जमरा राखी नवरात्रीको पूजा आरम्भ हुन्छ । नवदुर्गाको पूजा आराधना गर्ने, राम्रो लगाउने, मिठो खाने र मान्यजनका हातबाट टीका आशीर्वाद ग्रहण गर्ने चाडका रूपमा दसैँलाई लिइन्छ । नौ दिनसम्म नवदुर्गाको पूजाआराधना गरिने भएकाले यस अवधिलाई नवरात्र पनि भनिन्छ । घटस्थापनादेखि नवरात्र आरम्भ हुन्छ । दशौँ दिनमा देवी विसर्जन गरेपछि आफूभन्दा ठूलाको हातबाट टीका, जमरा ग्रहण गरिन्छ । अनादिकालदेखि नै विजया दशमीलाई नेपालका सबै समुदायले मनाउँदै आएको संस्कृतिविद्हरु बताउँछन् ।




**के-के गरिन्छ नवरात्रीभर ?**

प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म मनाइने नेपालीको महान् पर्व बडादसैंको पहिलो दिन आइतबार घर-घरमा जमरा राखिँदै छ ।

**पहिलो दिन**

यस दिन 'शैलपुत्री' नामकी दुर्गाभवानीको पूजा गरी घटस्थापना गर्ने र जमरा राख्ने परम्परा छ । नदी वा चोखो स्थलबाट बालुवा अथवा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजाकोठा या दसैंघरमा जमरा राखिन्छ ।

**दोस्रो दिन**

यस दिन पहिलो दिन जस्तै दियो, कलश र गणेशको पूजा गरी 'ब्रह्मचारिणी' स्वरूपा दुर्गा भवानीको पूजा गरिन्छ । जमराको पूजा गरी जल सिञ्चन गर्ने क्रम नवरात्रभर रहन्छ । ब्रह्माको आचरणमा रही कठोर तपस्या गरेकी र शिरमा अर्धचन्द्र तथा नाना प्रकारका आभूषण धारण गरेकी हुनाले ब्रह्मचारिणीको पूजाआराधना गरिएको मान्यता छ ।

**तेस्रो दिन**

यस दिन 'चन्द्रघण्टा' स्वरूपा दुर्गा भवानीको पूजाआराधना गरिन्छ । चन्द्रघण्टालाई विशेषगरी दूधका परिकार चढाइन्छ । उनलाई वैज्ञानिक दृष्टिले सम्पूर्ण ध्वनि शक्तिको स्वरूप मानिन्छ । यस दिन चार वर्षकी कन्यालाई 'कल्याणी' देवीको रूपमा पूजा गरिन्छ भने विशेष रूपमा चन्द्रघण्टालाई ऐना, सिन्दुर, गाजल लगायत सामग्री चढाइन्छ ।

**चौथो दिन**

यस दिन 'कुष्माण्डा'स्वरूपा दुर्गा भवानीको पूजाआराधना गरिन्छ । यस दिन पाँच वर्षकी कन्यालाई 'रोहिणी' नामले पूजा गर्ने र कुष्माण्डा देवीलाई विशेष रूपमा कचौरामा मधुपर्क (मह र दही) चढाउने विधि छ ।

**पाँचौँ दिन**

यस दिन 'स्कन्दमाता'स्वरूपा दुर्गा भवानीको पूजापाठ गरिन्छ । यस दिन ६ वर्षकी कन्यालाई 'कालिका' नामले पूजा गरी विशेष रूपमा साडी, ओढ्ने आदि वस्त्र चढाउने विधि छ ।

**छैटौँ दिन**

यस दिन 'कात्यायनी'स्वरूपा नवदुर्गा भवानीको पूजाआराधना गरिन्छ । यस दिन सात वर्षकी कन्यालाई 'चण्डिका' नामले पूजा गरिन्छ र विशेष रूपमा उनलाई अलंकार वा गरगहना चढाइन्छ ।

**फूलपाती (सातौं दिन)**

यस दिन 'कालरात्रि'स्वरूपा दुर्गा भवानीको पूजाआराधना गरिन्छ । कालरात्रिलाई विशेष गरी राता तथा सबै प्रकारका सुगन्धित पुष्प चढाइन्छ । यस दिन देवीघरमा फूलपाती भित्र्याउने चलन छ । फूलपाती साइत हेरेर दशैँघरमा भित्र्याउने गरिन्छ ।

**महाअष्टमी (आठौँ दिन)**

यस दिन 'महागौरी'स्वरूपा दुर्गाभवानीको पूजाआराधना गरिन्छ । यस दिन भद्रकालीको पनि विशेष पूजाअर्चना गरिन्छ, किनकि सतीदेवीले प्राण त्याग गरेपछि त्यही बेला रिसले चुर भएका महादेवबाट महाकालीका रूपमा भद्रकाली प्रकट भएकी थिइन् । यस दिन पूजापछि बलि दिने चलन छ ।

**महानवमी (नवौं दिन)**

यस दिन 'सिद्धिदात्री'स्वरूपा दुर्गाको आराधना गरिन्छ । यस दिन नवरात्रको सुरुको दिनदेखि कन्यापूजा नगर्नेहरूले नौवटी कन्याको पूजा, विश्वकर्माको पूजा, कलकारखाना तथा मेसिनपूजा, हात्ती, घोडा, मोटरसाइकल, गाडी आदि वाहनको पूजा गर्ने चलन रहेको छ ।

**विजयादशमी**

यस दिन शुभ साइत हेरी मान्यजनबाट दहीअक्षताको टीकाग्रहण र जमरा लगाउने चलन छ । टीकासँगै छोरीचेली लगायतलाई दक्षिणा दिइन्छ । यस वर्ष विजयादशमीको उत्तम साइत कार्तिक ७ गते बिहान ११:०२ बजे रहेको छ ।

## संक्षिप्त समाचार

### कोशीको मुख्यमन्त्रीमा कार्की नियुक्त

**पाल्पा,** असोज २७/कोशी प्रदेशको मुख्यमन्त्रीमा केदार कार्की नियुक्त भएका छन् । उनलाई प्रदेश प्रमुख परशुराम खापुङले शनिबार मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

मुख्यमन्त्री कार्कीले पद तथा गोपनियताको शपथ भने आइतबार लिने छन् । कार्की कोशी प्रदेशको आठौं मुख्यमन्त्री बनेका छन् । कोशी प्रदेशमा एक वर्षको अवधिमा ५ औं पटक मुख्यमन्त्री नियुक्त भएका छन् । सत्ता गठबन्धनको सिफारिसमा मुख्यमन्त्रीमा दाबी पेश गरेका माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो शनिबार भने सनाखत गरेनन् । कांग्रेस प्रदेश सभा सदस्य निर्वाचित भएका कार्कीले कांग्रेसको निर्णयविरुद्ध विद्रोह गर्दै कांग्रेसका ८ प्रदेश सभा सदस्य सहित एमालेसँग मिलेर मुख्यमन्त्रीको दाबी पेश गरेका थिए । माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र नेता शेखर कोइरालाबिच गठबन्धनलाई कमजोर हुन नदिने गरी सहमति भएपछि कार्कीलाई गठबन्धनको रुपमा अगाडि सारिएको थियो । डा. शेखर कोइराला पक्षधरका कार्की मुख्यमन्त्रीमा नियुक्त भए लगत्तै कोशी कांग्रेसका संसदीय दलका नेता उद्धव थापाले भने राजीनामा दिएका छन् ।

## 'आयुर्वेद अस्पतालको सेवालाई प्रभावकारी बनाऊ'

**पाल्पा,** असोज २७/जिल्लाको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले आयुर्वेद अस्पतालको सेवालाई प्रभावकारी बनाउनुपर्ने बताएका छन् । रामपुर आयुर्वेद अस्पताल रामपुरको अनुगमन गर्दै नगर प्रमुख थापाले आयुर्वेद चिकित्सा प्रणालीको महत्व बढ्दै गएकाले अस्पतालको सेवालाई थप प्रभावकारी बनाउनुपर्ने बताएका हुन् ।

उनले भने 'मानव स्वास्थ्यका लागि आयुर्वेदिक उपचार पद्धति महत्वपूर्ण रहेको भन्दै त्यसप्रति विश्वास समेत बढ्दै गएको छ, त्यसैले सेवालाई पनि थप प्रभावकारी बनाउनुपर्छ ।' आयुर्वेद पद्धतिको उपचार र औषधि सेवनले मानिसको स्वास्थ्यमा असर नगरी रोगको उपचार हुने नगर प्रमुख थापाले बताए । उनले आयुर्वेद अस्पतालबाट दिने सेवालाई प्रभावकारी बनाउन अस्पताल प्रशासनलाई निर्देशन समेत दिए । स्थानीयस्तरमा पाईने जडिबुटीलाई प्राथमिकता दिएर औषधि उत्पादनका लागि ध्यान दिन पनि उनले आग्रह गरे । अस्पतालमा आवश्यक उपकरणका लागि संघीय मन्त्रालयमा प्रस्ताव पेश गरेको भन्दै नगर प्रमुख थापाले स्वास्थ्य बीमा कार्यक्रम लागु गर्न पनि पहल गर्ने बताए । अस्पतालको



अनुगमन पश्चात कर्मचारीहरुसँगको छलफल कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले आयुर्वेदिक उपचार पद्धति र अस्पतालको प्रचार-प्रसार आवश्यक रहेको औल्याए । उनले अस्पतालबाट हुने सेवालाई विश्वासिलो र प्रभावकारी बनाउन निर्देशन समेत दिए । छलफलमा अस्पतालका प्रमुख चेमन प्रकाश पोखरेलले अस्पतालबाट प्रदान गरिने विभिन्न सेवा र आवश्यकताको बारेमा जानकारी गराउँदै तत्काल आवश्यक उपकरणको व्यवस्था गरिदिन अनुरोध गरे । अस्पतालमा अहिले पञ्चकर्म र पूर्वकर्म अन्तर्गत स्नेहन, स्वयदन, वस्ती सेवा, पाईल्सको ड्रेसिङ, सर्वसुलभ दरमा ल्याब सेवा, विभिन्न रोगको आयुर्वेदिक औषधि, नेपाल सरकारले निशुल्क प्रदान गर्ने २३ प्रकारका आयुर्वेदिक औषधि वितरण र आयुर्वेद चिकित्सकद्वारा दैनिक उपचार सेवा प्रदान गर्दै आईरहेको छ ।

## विद्यार्थीले दिए शिक्षकलाई स्कुटर उपहार

कृष्ण पोखरेल

**पाल्पा,** असोज २७/ जिल्लाको रैनादेवी छहरा गाउँपालिका-३ भुवनपोखरी स्थित रैनादेवी माध्यमिक विद्यालयका पूर्व विद्यार्थीहरुले एक पूर्व शिक्षकलाई स्कुटी उपहार दिएका छन् । २२ वर्ष अध्यापन गराएका पूर्व शिक्षक थमनबहादुर साठीघरेलाई पूर्व विद्यार्थीहरुले भुवनपोखरी रुपन्देही सम्पर्क समाज र शुभचिन्तकहरुको अग्रसरतामा चन्दा संकलन गरी स्कुटर उपहार दिएका हुन् ।

पछिल्लो सयम आधुनिकताको नाममा गुरु र चेलाको सम्बन्ध, शिष्टचार, आदर, मान सम्मान तथा नैतिकता हराउँदै गएको बेला यहाँका विद्यार्थीहरुले पूर्व शिक्षकप्रति सम्मान प्रकट गर्दै तीन पाङ्ग्रे फरक क्षमता मैत्री स्कुटर प्रदान गरेको हुन् । गुरु र चेला, शिक्षक र विद्यार्थी बिचको सम्बन्ध राम्रो हुनुपर्छ, एक अर्कालाई दुःख पर्दा सहयोग आदान-प्रदान गर्नुपर्छ भन्ने अभियानका साथ विद्यार्थीहरुले शिक्षक साठीघरेलाई दैनिक जीवनयापनको लागि फरक स्कुटर उपहार दिएको जनाएका छन् । पूर्व शिक्षक साठीघरेले २०५३ सालदेखि २०७५ सालसम्म अध्यापन गराएका थिए । वि.स. २०७० सालमा स्थायी घर हालको बगनासकाली गाउँपालिका-७ खानीगाउँ जादै गर्दा उनी जिप दुर्घटना परी घाईते भएका थिए । उनको कम्मरबाट मुनिको भागले काम गर्दैन । यस्तो अवस्थामा समेत साठीघरेले काठको ठेला गाडी बनाएर कर्मथलो भुवनपोखरीमा दैनिक जिविकोपार्जन गर्दै आएका छन् ।



(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## दसैँ र यसको महत्व

प्रत्येक वर्ष हिन्दु धर्मावलम्बीले आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म लगातार दश दिनसम्म मनाइने परम्परागत पर्वलाई दसैँ भनिन्छ । यसलाई ठूलो चाडका रुपमा लिइन्छ । दसैँ सबैभन्दा लामो र देशभर सबै जातजाति र धर्मले अवलम्बन गर्ने गरेको पाइन्छ । विशेषगरी, हिन्दुहरुले वर्षदिनमा एकपटक मनाउने चाड दसैँ सम्पूर्ण नेपालीहरुको एक प्रमुख महान् चाडपर्व हो । जुन आज घटनास्थापनादेखि सुरु भएको छ । यसै दिनदेखि नवरात्री आरम्भ हुने गर्दछ । सोही दिन जमरा राखिन्छ र घट कलशको स्थापना गरी देवीदेवताको आह्वान गरिन्छ । नवरात्री आरम्भ दिन बिहानीमै आत्मशुद्धि पश्चात् नदी, खोला, बगर या आफूलाई पायक पर्ने ठाउँमा गई चोखो बालुवा या पञ्चमाटो ल्याई दसैँ घर या पूजाकोठामा राखी त्यस ठाउँमा जमरा उमार्न जौँ छरिन्छ । नवरात्रको पहिलो दिन घटस्थापना गर्ने, नौ दिनसम्म शक्तिस्वरूप भगवतीको पूजा गर्ने, देवी माहात्म्य पाठ गर्ने, शक्तिपीठ दर्शन गर्ने र दशमीका दिन मान्यजनको हातबाट टीका, जमरा र प्रसाद लगाउने परम्परा रहेको छ । मुख्यरुपमा देवी दुर्गाको उपासना र पूजा अर्चना गरी यो पर्व मनाउने गरिन्छ । अझ विभिन्न दुर्गा शक्ति पीठहरुमा पूजाआजा गरी पशुबली समेत दिइने गरिन्छ ।

दसैँलाई दुष्टमाथि सत्यको विजयका उत्सवका रुपमा समेत लिने गरिन्छ । आसुरी शक्तिमाथि विजय प्राप्त गरेको दिनका रुपमा समेतलिने गरिएकाले कतिपयले यसलाई विजयादशमीका रुपमा समेत बुझ्ने गर्दछन् । पौष्टिक खानेकुरा र मनोवैज्ञानिक दृष्टिकोणले दसैँ बालबालिकाका लागि महत्वपूर्ण चाड हो । दसैँमा बालबालिकाले लामो छुट्टी पाउँछन् । दसैँका लागि भनेर जतिसुकै विपन्न वर्गका व्यक्तिको घरमा पनि अन्य बेलाभन्दा दसैँमा खानाको परिकार भिन्न हुन्छ । दशमीका दिनलाई नेपालीहरुले टीकाको दिन पनि भन्ने गर्छन् । तसर्थ, आफ्ना इष्टमित्र, नातागोताका मानिसहरु आफूभन्दा ठूलाबडा एवं आफ्ना मान्यजनहरुबाट आशीर्वाद स्वरुप टीका र जमरा लगाउन जाने र आउने, नयाँ–नयाँ लुगा कपडाहरु लगाउने, आफ्नो हैसियत अनुसारमीठा–मीठा खानेकुरा, मासु बनाई खाने, खुवाउने र घरआँगन, टोल, समाजमा सरसफाइ राख्ने जस्ता कार्यहरु हर्ष र उत्साहका साथ गर्ने भएकाले पनि यो पर्वको महत्व झन् बढेर गएको छ । हाम्रो परम्परा र संस्कृतिलाई बचाउनु पर्दछ तर यसलाई पर्वको रुपमा मनाउँदा आफ्नो आर्थिक र स्वास्थ्य अवस्थालाई ख्याल गर्न सकेनौँ भने यसले हामीलाई दसैँ नभएर दशाको रुपमा परिणत गरिदिन्छ । तसर्थ दसैँको महत्वलाई आत्मसाथ गर्दै आफ्नो गच्छे अनुसार पर्व मनाउन जरुरी छ ।

### Opinion @ Social Network

संसार रङ्गीन देख्न चाहानुहुन्छ भने मुस्कुराएर हेर्नुहोस्,
परेलीमा आँसु हुँदा त ऐना पनि धमिलो देखिन्छ ।
*(मनिषा कार्कीको फेसबुकबाट https://www.facebook.com/Manish.karki)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जतातत्तै सुरक्षाको चिन्ता !



डा.नारायण चालिसे

नेपालीमा एउटा उखान छ कहीँ नभएको जात्रा हाँडी गाउँमा । नैतिक, सामाजिक, सांस्कृतिक अनि र स्थानीय रङ्ग समेटिएको यस उखानको अभिधार्थ हेर्दा काठमाडौंको हाँडी गाउँ धेरै प्रकारका जात्रा हुने ठाउँ भएकाले अन्त कतै नभए पनि हाँडी गाउँमा अवश्य हुन्छ भन्ने अर्थ हुनुपर्ने हो तर उखानहरूले आफ्नो अभिधार्थलाई छोडेर व्यङ्ग्यार्थ दिन्छन् अनि सुमधुर लाग्छन् । अन्त कतै नहुने वा नसुहाउने काम पनि भयो भनें कहीँ नभएको जात्रा हाँडी गाउँमा भनिन्छ । यसरी नै धेरै कुरा नेपालमा सुहाउँदिला लाग्दैनन् । धेरैतिर हाँडी गाउँको जात्रा देख्न र सुन्न पाइन्छ । सांस्कृतिक जात्राका कुरा होइन देशभर राजनीति, सेवा र सुरक्षाको नाम जोडिएका अन्य धेरै जात्रा भइरहेका हुन्छन् । काठमाडौंको माइतीघरदेखि बानेश्वरसम्मको बायाँ लाइन सडक विभिन्न उद्देश्यले गरिने धर्ना, जुलुस, आन्दोलन र आन्दोलनकारीका लागि प्रदर्शनको निम्ति छुट्याइएको जस्तै छ । जुनकुनै पनि सत्तामा सबै पक्षका कुरा समेट्न सकिँदैन । कुनै न कुनै पक्ष वा समूह सत्ताभन्दा बाहिर हुन्छ । त्यसमाथि हाम्रो जस्तो विकासोन्मुख मुलुकमा समाधानभन्दा समस्या नै धेरै हुन्छन् । सडकबाट अधिकार माग्ने, सडकबाटै कानुन सच्याउनेदेखि अवैध कामलाई पनि बल प्रयोग गरेर वैध बनाउने होडबाजी नै चलिरहेको छ । सडक अधिकार खोज्ने ठाउँ त हो तर संवैधानिक बाटो होइन । सडकमार्फत् मागलाई वैधानिक बनाउने प्रचलन हिजोआज बढी छ ।

सुरक्षाको खोजी गर्ने पछिल्लो यो बाटो सत्ताधारीका निम्ति सधैँको टाउको दुःखाइ हुने भएको छ । भन्नको निम्ति वैधानिक भनिए पनि यो सडकबाट अधिकार खोज्ने विधिले पनि सीमा उल्लैन गर्न थालेको छ । समय यस्तो आयो कि मानिसलाई जताततै असुरक्षा अनुभव हुन्छ । पहिले पहिले सुनसान बाटोमा एक्लै हिँड्दा कोही मानिस आए भरोसा हुन्थ्यो । अहिले यसरी मानिस भेट भयो भने मानिसले आफूलाई असुरक्षित अनुभव गर्छ । सुरक्षा कता गयो अहिले ? मानिस त मानिसै हो हिजोको पनि आजको पनि । मानिसमाथि नै शंका गर्नुपर्ने समय अरू परिस्थितिभन्दा भयावह हो । सुरक्षा जो मानिसलाई मात्र होइन सबै प्राणीलाई चाहिएको हुन्छ । हिँड्दाहिँड्दै अचानक बाटोमा कुनै जनावर आयो भने मानिस जति डराउँछ त्यो जनावर पनि त्यत्तिकै डराउँछ । फरक यत्ति हो जनावरले आफ्नो सुरक्षाको निम्ति अलि छिटो आक्रमण गर्छ तर अकारण जनावरले पनि आक्रमण गर्दैन । ऊ पनि आफ्नो जिउ बँचाएर भाग्न खोज्छ । यस अर्थमा सुरक्षा सबैको चासोको विषय हो । सुरक्षा आत्मरक्षाको मोह हो । आफ्नो जिउको सुरक्षा, धनको सुरक्षा, जागिरको सुरक्षा, स्वाभिमानको सुरक्षा, अस्तित्वको सुरक्षा, अहङ्कारको सुरक्षा, सन्ततिको सुरक्षा, आफन्तको सुरक्षा यसैगरी क्रमशः सुरक्षाको दायरा फैलिँदै जान्छ । अनि सुरक्षाको प्राप्तिका उपक्रमहरू पनि फरक फरक शैलीका हुन्छन् । सुरक्षा जो देशले अवलम्बन गरेको छ अनि सुरक्षा जो आजका नागरिकले खोजिरहेका छन् तर सुरक्षा प्राप्तिका शैली फरक छन् । रबैया फरक छन् । केही नागरिकले सडकबाट जुन सुरक्षा खोजिरहेको देखिन्छ त्यो कत्तिको सुरक्षित छ ? भन्ने हो । सुरक्षाकै कुरा गर्दा झट्ट देखिने गर्छ हिजो आज शहरका धेरै सरकारी निकायहरूका गेटमा सुरक्षाकर्मीहरू भरिएका देखिन्छन् । त्यहाँ उपस्थित सुरक्षकर्मीअरू जोश र जाँगर लिएर उभिएका भन्दा पनि अत्यन्त थकित, गलित अनि औपचारिकता निर्वाहको मुडमा देखिन्छन् । सुरक्षाको जुन अभिनय चलिरहेको छ खासमा यो सुरक्षा नै होइन भन्ने उनीअरूलाई भलीभाँती थाहा छ । बानेश्वर चोकमा लठ्ठी लिएर लामबद्ध उभिएका ती सुरक्षाकर्मीहरू सुरक्षाका निम्ति खटिएका हुन् कि सुरक्षाको भय दिनका लागि खटिएका हुन् छुट्याउन मुस्किल छ । एउटा दैनिकीजस्तो सरकारी मानो खाएपछि भनेको ठाउँ गैदिनुपर्छ भनेजस्तो गरिदिनुपर्छ भन्ने मानसिकतामा उभिएका ती सुरक्षाकर्मी पनि आफ्ना कति माग होलान् जसको सम्बोधन होस् भन्ने नारा त्यहाँ उपस्थित प्रदर्शनकारी अरूले भनिरहेका हुन्छन् । त्यो बेला सुरक्षाकर्मीले सरकारको सुरक्षा गर्छन् कि आफ्नो सुरक्षाको निम्ति थोरै भए पनि बोलिदिने ती प्रदर्शनकारी अरूका पक्षमा नरम हुन्छन् ? सुरक्षाको माथिल्लो निकायमा बस्ने अख्तियारवाला हाकिमले बुझ्ने कुरा भयो ।

एकापसमा सबल र दुर्बल पक्षका बारेमा सजग गराउने, घमण्ड चढ्न नदिने, निराशा बढ्न नदिने, जीवनमा आशा र उत्साहको सञ्चार गराउने र आपसमा साइजमा आउने कामका निम्ति पतिपत्नी नै बलियो र भरपर्दो सम्बन्ध हो । सुरक्षा देशलाई चाहिएको छ, सुरक्षासरकारलाई चाहिएको छ र जनतालाई पनि चाहिएको छ । सरकारलाई चाहिएको सुरक्षा अरू धेरै खाले सुरक्षाभन्दा महत्वपूर्ण यस मानेमा हुन्छ कि कुनै पनि समय सत्ताको साँचोमा खिया लाग्न सक्छ । ताला टुट्न सक्छ, चाबी फेरिन सक्छ नक्कली साँचो तयार हुनसक्छ । देशमा सरकारले सत्तालाई जति महत्वले हेरेको छ त्यसभन्दा बढी जनतालाई हेर्नुपर्ने हो तर सरकारलाई जनताको भन्दा आफ्नै सुरक्षाको बढी चिन्ता छ । हामीले देखेको कुरा हो अख्तियारवाला व्यक्तिबाट आफ्नो पदको मान र मर्यादा राख्न सकिएन भने त्यस्तो बेला कुनै पनि मान, पद वा प्राप्त प्रतिष्ठाको पनि आलोचना हुन्छ । अहिलेको विश्व मानिसको हत्केलामा प्रतिबिम्बित हुन्छ । कहाँ के भएको थियो वा अहिले के भइरहेको छ ? भन्ने कुरा क्षणभरमा मानिसलाई थाहा हुन्छ । आज धेरै कुराहरूको दँजनी त्यसै आधारमा हुन्छ । विश्वपरिप्रेक्षसँग दाँजेर हेर्ने हो भने नेपालको हकमा धेरै कुराहरू यसरी नै आलोचित भएका हुन्छन् र छन् पनि । पद आफैँमा विशेष प्रकारको गरिमायुक्त छ तर उक्त पदमा आसीन व्यक्तिले सो पदको सान, मान र मर्यादा जोगाउन नसक्दा तीव्र आलोचना हुने गरेको पाइन्छ । कतिपय अवस्थामा हामीसँग उक्त मान र सानलाई जोगाउन चाहिने बाफय योग्यता नहुँदा र कतिपय अवस्थामा हाम्रो आन्तरिक योग्यता नहुँदा पनि यस्ता समस्या आउने गरेका समाचार सुन्न पाइन्छ । मुलुकका कार्यकारी अधिकार सम्पन्न पदहरू र तिनमा आसीन व्यक्तित्वहरूका बीचमा तालमेल हुननसक्दाका तमाम दृष्टान्त हामीसँग छन् । कति ठाउँमा योग्य व्यक्ति छन् र योग्यता अनुरूपको काम गर्ने वातावरण छैन । कति ठाउँ साधनस्रोतको अभाव छ, कुनै ठाउँमा योग्यता नै नभएका व्यक्ति बस्न पुगेका छन् र केही अपवादहरू छन् जहाँ योग्य व्यक्ति पनि छन् पदको मर्यादा पनि रहेको छ र परिणाम पनि पद अनुकूलका आइरहेका छन् । आफूतिर फर्केर हेर्ने हाम्रो बानी छैन । आफूभित्रका सीमाहरूलाई सच्याउने र पद अनुकूलको योग्यता बनाउन पहल गर्ने हाम्रो नैतिक इमानदारी र तदनुकूलको स्वभाव नभएकाले हामीधेरै ठाउँ वामपुड्के हुनुपरेको हुन्छ । सबैसँग समान किसिमको योग्यता हुँदैन स्वाभाविक कुरा हो । सबै व्यक्ति उत्तिकै योग्यताको हुनुपर्ने भन्ने अनिवार्यता हुँदैन तर कुनै पनि पदको निम्ति आधारभूत योग्यता भन्ने हुन्छ जुन कुराको पालना हामीबाट हुने र हुन पहल गर्ने हो भने पनि केही समस्याको समाधान हुन्थ्यो । तर, हामीसँग त त्यो न्यून मूल्यको संरक्षणको कुरा त कता हो कता उल्टै अनावश्यक फूर्तिफार्ती बढेको पाइन्छ । कति घमण्ड बढेको हो तपाईंमा ? बढुवा भएपछि त झनै बढेको छ । कसैलाई सहन सक्नुहुन्न, कसैका कुरा चित्त बुझाउनुहुन्न । अरूलाई जानेबुझे जस्तो नै ठान्नुहुन्न भनेर एकबिहानै पत्नीले मेरो हैसियत सम्झाइदिँदै आफ्नो प्रभुत्वको सुरक्षा खोजेपछि म झल्याँस्स भएँ । सुरक्षाको आगो यता पनि दन्दनी बलेछ । के साँच्चै पत्नीले भनेजस्तै ममा प्रोफेसरी अहङ्कारले सुरक्षाचेत बढाएकै हो त ? अरूको निम्ति पो म प्रोफेसर तर पत्नीको निम्ति त पति हुँ । वर्षौंदेखि झेल्दै आएको उही पुरानो लोग्ने । मेरो बढुवाले घरायसी सम्बन्धमा सके त खुशीयालीयुक्त रमणीयता छाउनु राम्रो हो त्यसो नभए पनि सम्बन्धमा तलमाथि हुनु पटक्कै राम्रो भएन । पति र पत्नीको सम्बन्धमा ठाकठुक भइरहनु मनमा जम्न लागेको अविश्वासको खरानी पखालिनु हो । मायाप्रेमको गाँठो अझै कसिलो हुँदै जानु हो । सायद जीवनमा अरू धेरैले भन्दा बढी जान्ने र बुझ्ने पतिले पत्नीलाई र पत्नीले पतिलाई नै हो । एकापसमा सबल र दुर्बल पक्षका बारेमा सजग गराउने, घमण्ड चढ्न नदिने, निराशा बढ्न नदिने, जीवनमा आशा र उत्साहको सञ्चार गराउने र आपसमा साइजमा आउने कामका निम्ति पतिपत्नी नै बलियो र भरपर्दो सम्बन्ध हो । बेलाबेलामा एकले अर्कालाई साइजमा ल्याइएन भने अहङ्कार न हो कसैको बढ्न सक्छ । आज मेरो अहङ्कार बढेको जसरी पत्नीलाई थाहा भयो । अबका दिनमा आफ्नो पारिवारिक प्रभुत्वमा कमी आउँछ कि भनेर भएको सतर्कताको कुरा जसरी प्रकट भयो त्यसरी नै कुनै दिन पत्नीको अहङ्कार बढेको थाहा पाउने र त्यसबाट आफूमा पर्न सक्ने प्रभावको जोखिमबाट बँच्न सतर्क हुने पहिलो साक्षी पनि म नै हुन्छु । पत्नीले मलाई लगाएको माथिको आरोप अरूलाई बिचमा जोडेर भनिएको भए पनि खासमा त्यस्तो अनुभूति पत्नीलाई नै भएको हुनुपर्छ । सायद घरकै बोली, वचन र व्यवहारमा केही तलमाथि परेहोला । बाहिरफेर त म संयमित नै हुने प्रयत्न गर्छु भरिसक्के । त्यो अभिव्यक्ति प्रोफेसर भएपछिको पहिलो सजगता थियो मलाई साइजमा ल्याउने । सायद धेरै दिनपछि मन माइने साइत जुरेको थियो । हुन पनि किन नभनियोस् त्यति म एकप्रकारले निमित्त नायक हुँ प्रोफेसरको । घरका, व्यवहारका, आर्थिक भारका, नाता सम्बन्धीसँगको सम्बन्धका यावत् कुरामा वातावरण मिलाएर एकनासले प्रोफेसरको अर्जुनदृष्टि लगाउन मलाई प्रेरित गर्ने र वर्षौंदेखि मसँग सहयात्रा गरेकी उनलाई यति अधिकार त छ । त्यतिमात्रै पनि होइन जीवनमा कुनै गम्भीर निर्णय लिनुपर्दा मलाई केही चाहिएन मेरा पतिको प्रगति हुँदै जाओस् ।

मिल्छ भने मेरो भागको उन्नतिप्रगतिको योग पनि उनैतिर सरोस् भनेर भाकल गर्दै आएकी पत्नीलाई नै बिझाउने खालको उनकै अस्तित्वमा हस्तक्षेप हुने खालको व्यवहार र बोलीवचन बढेपछि त्यो बढुवा पनि किन चाहियो ? यति भन्ने अधिकारमात्रै होइन दायित्व पनि उनकै हो । भोलि यसबाट हुने हानिनोक्सानी पनि उनले बेहोर्नुपर्छ । कुरा बेस्सरी गम्ने गरी आयो म पनि अब सजग हुनैपर्ने भयो । प्रिय सञ्चेतना ! अहङ्कारको प्रसङ्ग उठाइहाल्यौ । कुरा मेरातर्फका पनि छन् । सुरक्षा मलाई पनि चाहिएको छ र अझ बढी चाहिएको छ । जुन दिन मैले आफ्नो सुरक्षाका कुरा गर्नेछु मेरै अहङ्कारको बयानबाट थालनी गर्नेछु । क्रमशः

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । कला र गलाको प्रभाव बढ्नेछ ।
**वृष** : समाजसेवामा मन लाग्नेछ । उपकार गरेर अरुको मन जित्न सकिनेछ ।
**मिथुन** : मनमा चञ्चलता बढ्नेछ, तर साँझमा शुभ समाचार सुन्नमा आउला ।
**कर्कट** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । मान प्रतिष्ठामा वृद्धि होला ।
**सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । मंगल कार्यको योग छ ।
**कन्या** : कार्यमा सफलता मिल्नेछ । जोश जाँगर र हिम्मत पनि बढ्ला ।
**तुला** : व्यापार व्यवसायमा रुची बढ्ने देखिन्छ । उपहार पाइने सम्भावना छ ।
**वृश्चिक** : मंगल कार्यको योग छ । चिताएको कामले तीव्रता लिनेछ ।
**धनु** : आय आर्जनका क्षेत्रमा सुधार आउनेछ । बौद्धिकताको विकास हुनेछ ।
**मकर** : अचल सम्पत्ती हात पर्न सक्छ । धार्मिक कार्यमा रुचि बढ्नेछ ।
**कुम्भ** : व्यर्थको यात्रामा जान बाध्य भइएला । मन खिन्न हुने स्थिति आउनेछ ।
**मीन** : रोजगारको अवसर मिलनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

# कृषि

## आँबुखैरेनीमा व्यावसायिक 'फूलखेती'



तनहुँको आँबुखैरेनी गाउँपालिकामा व्यावसायिक फूलखेती थालिएको छ । यो वर्ष विदेशबाट आयात हुँदै आएकाले सयपत्री फूललाई प्रतिस्थापन गर्न फूलखेती थालिएको हो । आँबुखैरेनी-१ स्थित याञ्चोक आमा समूह, आँधीमूल आमा समूह र मित्रता मावि परिसरमा गरी २६ रोपनी क्षेत्रफलमा व्यावसायिक फूल खेती गरिएको हो ।

महिलालाई फूलखेतीमा आकर्षित गराउँदै आयआर्जनसँग जोड्न सय प्रतिशत अनुदानमा बिरुवा वितरणदेखि प्राविधिक सहयोग गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले राससलाई जानकारी दिए । गाउँपालिकाले अध्यक्षसँग कृषि विकास कार्यक्रम अन्तर्गत महिलालाई फूलखेतीमा आकर्षण गर्न सयपत्री प्रवर्द्धन कार्यक्रमलाई अघि बढाएको हो । गत साउन २० गते रोपिएका बिरुवाबाट ढकमक्क फूल फुलेपछि बजारीकरण सुरु भएको गाउँपालिकाका कृषि शाखाप्रमुख सन्तोष केसीले जानकारी दिए । उक्त वडाका तीन स्थान गरी २६ हजार बिरुवाले उत्पादन दिन सुरु गरेको छ । फूल उत्पादन हुन थालेसँगै बजारका फूल व्यवसायीले स्थानीय उत्पादन किन्ने प्रतिबद्धता व्यक्त गरेका छन् । गाउँपालिका मातहत र सैसंस्थाले आयोजना गर्ने कार्यक्रममा खादाको सट्टा फूलको माला प्रयोग गर्न समन्वय भइरहेको कृषि शाखाप्रमुखले बताए । मालाको गुणस्तर हेरी थोकमा प्रतिमाला रु ४० देखि ६० मा बिक्री गर्ने योजना बनाइएको छ । खुद्रा मूल्य भने निर्धारण गरिएको छैन । अन्य ठाउँबाट ल्याइने फूल तथा मालाको तुलनामा सुपथ मूल्यमा यहाँ उत्पादित फूल बिक्री गर्ने लक्ष्य राखिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिष्णुप्रसाद शर्माले जानकारी दिए । दुईवटा आमा समूहलाई पहिलो वर्षमा रु ९० हजार पूर्ण रुपमा अनुदान प्रदान गरे पनि आगामी वर्षदेखि गाउँपालिकाले प्राविधिक सहयोग मात्रै गर्ने योजना रहेको छ । आमा समूहले पहिलो वर्षमा फूलखेतीबाट गरेको आम्दानीलाई बर्सेनि सयपत्री फूल व्यवसायलाई निरन्तरता दिनुपर्ने प्रावधान रहेको छ । मित्रता माविको हकमा भने 'पढ्दै कमाउँदै' कार्यक्रम अन्तर्गत एकमुष्ट रु तीन लाख प्रदान गरेर आयआर्जनबाट पठनपाठनमा सहयोग गर्ने लक्ष्य राखेको छ । सोही वडास्थित धार्मिक पर्यटकीयस्थल आँधीमूलमा लाग्ने मेलामा पनि सयपत्री फूलखेतीले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । यहाँ सुरु गरिएको फूलखेतीले प्रत्येक वर्ष बाहिरबाट फूल खरिद गरेर ल्याउनुपर्ने अवस्थाको अन्त्य हुने याञ्चोक आमा समूहकी अध्यक्ष सुनिता आलेमगरले जानकारी दिए । सधैँ चुल्होचौकामा सीमित हुने यस क्षेत्रका महिलाको आयआर्जनमा सहयोग पुऱ्याउने उद्देश्यले गाउँपालिकाले थालेको कार्यले महिला उत्साहित भएका उनले बताए । *-रासस*

## पर्यटकीय क्षेत्रमा फस्टाउँदै किवी खेती




फुङ्लिङ नगरपालिका-११ लालीखर्क क्षेत्र एक पर्यटकीय क्षेत्र हो । विश्वको तेस्रो अग्लो कञ्चनजैा हिमाल जाने पर्यटकले फुङ्लिङदेखि पहिलो क्याम्पहो लालीखर्क । विगतका वर्षहरुमा लालीखर्क क्षेत्र पर्यटकको भरिभराउ हुन्थ्यो । तर अहिले किवीको बोट भाङ्गिएर लालीखर्क भरिभराउ भएको छ । सरमुकाम फुङ्लिङ बजारदेखि सुकेटार विमानस्थल हुँदै लालीखर्क भएर सडक विस्तार भएसँगै लालीखर्क ओझेलमा पर्दै गयो । असोज, कात्तिक र मङ्सिरमा पर्यटकले खचाखच हुने लालीखर्क विस्तारै सुनसान बन्दै गयो । पर्यटकको राम्रो चहलपहल भएको समयमा यस क्षेत्रमा घर घडेरीसमेत किनबेच भएको थियो । धेरैले लालीखर्कमा घडेरी किनेर होटल सञ्चालन गरेका थिए ।

लालीखर्कको बिच भाग भएर अहिले सडक सिरिजंगा गाउँपालिकाको मामांखे पुगेको छ । यस पदमार्ग हुँदै जाने पर्यटक गाडीमा हुत्तिएर मामांखे पुग्न थालेका छन् । लालीखर्कका होटल व्यवसायी भने धुलो खाँदै बस्नुपर्ने समय आएपछि बसाई सराई गर्न थालेका छन् । लालीखर्क क्षेत्रमा बसाइँसराइले घर खाली भएका छन् । विगतमा यहाँ १३ होटल सञ्चालनमा थिए । अहिले तीन परिवार मात्र बसोबास गर्दै आएका स्थानीय धनबहादुर विष्टले बताए । उनले भने, "लालीखर्क पहिला जस्तो छैन । सुनसान छ । मेरो परिवारका पनि सबैले घर छोडेर गइसकेका छन् । गाईवस्तुका कारण म यतै छु । किन्ने कोही आए बिक्री गरेर जाने सोच छ ।" लालीखर्कमा पर्यटक आउजाउ शून्य भयो । होटल बन्द भए । छरछिमेक घर छोडेर बसाई सरेर गए । पर्यकको खचाखच हुने लालीखर्कका फाँटमा उराठ लाग्न थाल्यो । पर्यटकको क्याम्प क्षेत्र सुनसान भएसँगै केही होटल सञ्चालकले आफ्नो घर त्यतिकै छोडेर बसाई सरेर गएका छन् । घर भने त्यतिकै छ । घरमा होटलको साइनबोर्डसमेत देखन सकिन्छ । तर अहिले कहीँकतै एउटा गिलास चियार पनि पाईदैन । स्थानीय युवा शुक्रराज लिम्बूले भने सुनसान भएको लालीखर्कका फाँटमा सम्भावनाको खाजी गर्न थाले । रित्तिएको बस्तीमा उजाड बनाउने सपनाका साथ वैकल्पिक सम्भावनाको खोजी गर्ने क्रममा किवी खेतीले लिम्बूको मन तान्यो । लिम्बूले किवी खेती विस्तार गर्न थाले । लालीखर्कका फाँटमा किवीको बोट झाकिन थाल्यो । सात रोपनी क्षेत्रफल जमिनमा किवी खेती विस्तार गरेको लिम्बूले बताए ।

उनले भने, "यो साल पनि राम्रै फलेको छ ।" लिम्बूले लगाएको किवी बगानबाट पहिलो पटक फल्न थालेको हो । अहिले प्रत्येक बोटमा दुईदेखि चार किलोसम्मको फल रहेको लिम्बूले बताए । अर्को वर्ष भने राम्रो उत्पादन हुने संकेत देखिएको लिम्बूले बताए । किवी विस्तार गरेसँगै लिम्बू आफ्नो नाममा लालीखर्क कृषि फार्म दर्ता गरेका छन् । फार्मको उद्देश्य राम्रो भएकाले कृषि ज्ञान केन्द्र ताप्लेजुङले रु पाँच लाख अनुदान दिएको कृषि ज्ञान केन्द्र ताप्लेजुङले जनाएको छ । अनुदानबाट किवीको फलामे थाङ्काको व्यवस्थापन गर्नुभएको लिम्बूले बताए । ताप्लेजुङसहित पूर्वका अधिकांश पहाडी तथा हिमाली जिल्लाका किसान किवीको राम्रो बजार देखेपछि यसप्रति आकर्षित भएका छन् । ताप्लेजुङमा अहिले धेरै किसानले व्यावसायिकरूपमा किवीखेती गर्न थालेका छन् । किसानले लगाएको खेतीबाट किवी उत्पादन हुन थालेसँगै बजारमा माग निरन्तर बढ्दै गएको छ । गत वर्ष ताप्लेजुङमा किवी सुरुमा प्रतिकिलो रु ६० सयसम्म खरिद/बिक्री भएको किसानको भनाइ छ । फक्ताङलुङ गाउँपालिका-४ इखाबुका बुद्ध काम्बाङले किवीबाट राम्रो फाइदा लिन सकिने अवस्था रहेको बताए । शीतभण्डारको व्यवस्था भएमा किवीलाई लामो समयसम्म राखेर उपभोग गर्न सकिने उनको भनाइ छ । किवीलाई प्रशोधन गरेर जुस, वाइनलगायत रक्सीजन्य परिकार बनाएर उपभोग गर्न सकिने र यसबाट किसानले आम्दानी गर्नसक्ने अवस्था छ । *-रासस*

## वर्षमा २५ लाखसम्म आम्दानी गर्छन् 'सुन्तला गाउँ' का किसान



रेवती पौडेल आफ्ना बुबाले रोपेका सुन्तलाका बोटबीच खेल्दै हुर्किए । उनका बुबा होमनाथले बारी र खेतका कान्लामा सुन्तला रोपेका थिए । अर्घाखाँचीको पाणिनी गाउँपालिका-१, सिम्लेका होमनाथ भारतीय सेनाका जागिरे थिए । तलब र अवकाशपछिको सुविधा राम्रै थियो । तर उनी जागिरमा सन्तुष्ट भएनन् । भारतीय सेनाभित्र नेपालीमाथि हुने व्यवहार पनि उनलाई राम्रो लागेन । त्यसैले २५ वर्षको उमेरमा जागिर छोडेर घर फर्के । यो २०२७ सालको कुरा हो । पाखो र भिरालो भए पनि होमनाथको पर्याप्त जमिन थियो । यसमा व्यावसायिक रूपमा खेती गर्न सके आम्दानी हुन्छ भन्नेमा उनी ढुक्क भए । भौगोलिक अवस्था र हावापानी विचार गरेर उनले सुन्तला खेती रोजे । बारीमा सुन्तलाका केही बोट थिए । परिवारजनले खान तथा छरछिमेकीलाई र आफन्तलाई बाँड्न पर्याप्त थियो । आम्दानी भने थिएन । 'बुबाले सुन्तलाको नर्सरी बनाउनुभयो । गाउँलेहरूलाई पनि सुन्तला खेतीमा लाग्न प्रेरित गर्नुभयो,' छोरा रेवतीले भने, 'आफ्नो नर्सरीबाट बिरुवा बाँड्नुभयो ।'

होमनाथसँगै स्थानीय नीलराज पौडेलले पनि व्यावसायिक रूमा सुन्तला खेती थाले । नर्सरी बनाएर गाउँलेलाई बिरूवा बाँडे । केही वर्षमै सिम्ले गाउँ सुन्तलाका बोटले भरियो । उत्पादन ह्वात्तै बढेपछि व्यापारीहरू गाउँमै पुगे । सुन्तलाले राम्रो मूल्य पाउन थाल्यो । यसरी होमनाथ र नीलराजको प्रयासले सिम्ले 'सुन्तला गाउँ'का रूपमा चिनियो । नीलराजको अहिले निधन भइसकेको छ । होमनाथ ७८ वर्षका भए । उनी जिल्लाकै नमूना कृषक हुन् । होमनाथले सुरू गरेको सुन्तला खेती हाल उनका चार छोरा-बुहारीले सम्हालेका छन् । माइला रेवती र उनकी श्रीमती युगमाया अनि साइँला चिरञ्जीवीले 'शिवशक्ति मिश्रित कृषक समूह' नाम राखेर संगठन पनि बनाएका छन् । रेवती संस्थापक अध्यक्ष हुन् । खेतीको रेखदेखमा उनकी श्रीमती युगमाया खटिन्छन् । 'बुबाले ५३ वर्षअघि नै सुन्तलामा भविष्य देखेर खेती सुरू गर्नुभएको थियो । हामीले त्यसैलाई बढाउँदै लगेका हौं,' रेवतीले भने, 'व्यावसायिक विकास हुन केही वर्ष लाग्यो ।' रेवतीले २०५५ सालमा केही बिरूवा रोपेका थिए । २०५७ सालमा रोजगारीका लागि साउदी अरब गए । दुई वर्ष काम गरेर फर्के । 'साउदीबाट फर्किँदा सुन्तलाका बोट हुर्किसकेका थिए । त्यसपछि रोजगारीका लागि विदेश जाने सोचाइ नै आएन,' उनले भने, 'खेतीमै व्यस्त भएँ ।' उनले गत वर्ष २६३ क्विन्टल सुन्तला फलाए । त्यसबाट २० लाख रूपैयाँ आम्दानी भयो । उनका अनुसार शीतभण्डारमा भण्डारण गर्न नजान्दा करिब ६ लाख रूपैयाँको सुन्तला नष्ट भयो । गत वर्ष नै उनले सुन्तला, कागती र जुनारका गरी २३ हजार बिरूवा बेचे । त्यसबाट साढे ६ लाख रूपैयाँ आम्दानी भयो । 'बिरूवाबाट पनि राम्रो आम्दानी हुन्छ । अन्य जिल्लाबाट पनि किन्न आउँछन्,' उनले भने । सुन्तला र नर्सरीबाट वार्षिक २५ लाख रूपैयाँसम्म आम्दानी भइरहेको उनले बताए । रेवतीका अनुसार चार दाजुभाइले करिब ७० रोपनी जमिनमा सुन्तलाका दुई हजारभन्दा बढी बोट लगाएका छन् । होमनाथले रोपेका बोट चार दाजुभाइले भागबण्डा गरेका हुन् । रेवतीसँग ६ सय बोट, जेठा केशवसँग साढे चार सय, साइँला चिरञ्जीवीसँग साढे पाँच सय र कान्छा नारायणसँग साढे चार सय बोट छन् । पौडेल परिवार मात्र होइन, सिम्ले गाउँका अधिकांश किसान सुन्तला खेतीमा निर्भर छन् । अर्का किसान खगेन्द्र पौडेलका अनुसार सिम्लेमा ४७ घरपरिवार सुन्तला खेतीमा आबद्ध छन् । कसैले पनि खेतबारीमा अन्नबाली लगाएका छैनन् । पहिले अन्नबाली हुने खेतबारी अहिले सुन्तलाको बगानले ढाकिएका छन् । 'सिम्ले सुन्तला गाउँ भनेर चिनिन्छ । यहाँका सबै परिवार सुन्तला बेचेर अन्न किन्छन्,' उनले भने । सुन्तला खेतीमा होमनाथका सहकर्मी नीलराजका छोरा हुन् खगेन्द्र । बुबाले सुरू गरेको खेतीलाई दस वर्ष अघिदेखि खगेन्द्रले पूर्ण व्यावसायिक बनाएका हुन् । उनका बुबाले डेढ सय बोट रोपेका थिए । अहिले १५ रोपनी जग्गामा साढे सात सय बोट छन् । गत वर्ष साढे दुई सय क्विन्टल सुन्तला फलाएर खगेन्द्रले १३ लाख रूपैयाँ आम्दानी गरे । पाँच लाख रूपैयाँ बराबरका सुन्तला शीतभण्डारमा नष्ट भयो ।

खगेन्द्रका अनुसार बोट हेरेर, एउटामा दुई क्विन्टलदेखि सात क्विन्टलसम्म फल्छ । मल, सिँचाइ र नियमित रेखदेख पुऱ्याउन सकियो भने एउटै बोटबाट एक सय वर्षसम्म उत्पादन लिन सकिन्छ । रोजगारीका लागि ११ वर्ष विदेशमा बसेर फर्केपछि व्यावसायिक रूपमा सुन्तला खेतीमा लागेका खगेन्द्र भन्छन्, 'पहिले गाउँमा अहिलेजस्तो व्यावसायिक सुन्तला खेती थिएन । यसरी आम्दानी लिन सकिन्छ भन्ने थाहै थिएन । ढिलै भए पनि अहिले राम्रो भएको छ । किसानहरू व्यावसायिक भएका छन् ।' सिम्लेका युवा रोजगारीका लागि विदेश जान छाडेका उनी बताउँछन् । विदेशबाट फर्केका युवाहरू पनि सुन्तला खेतीमै लागेका छन् । राम्रो हेरचाह गर्न सक्दा सुन्तलाबाट प्रतिरोपनी एक लाख रूपैयाँसम्म आम्दानी गर्न सकिन्छ । खगेन्द्रका दाजुहरू हरिप्रसाद र नारायणप्रसाद पनि सुन्तला खेतीमै निर्भर छन् । तीन दाजुभाइसँग कम्तीमा दुई हजार बोट छन् । खगेन्द्रका अनुसार गत वर्ष सिम्ले गाउँमा सुन्तलाबाट कम्तीमा तीन करोड रूपैयाँ भित्रियो । सबैको गरेर शीतभण्डारमा करिब ५० लाख रूपैयाँको सुन्तला नष्ट भएको अनुमान छ । अर्का कृषक मतिराज गौतमका अनुसार गत वर्ष एक परिवारले कम्तीमा साढे दुई लाख रूपैयाँको सुन्तला बेच्यो । कुनै परिवारले त २४ लाख रूपैयाँसम्मको बेचे । सिम्लेका २५ घरपरिवार सुन्तलाबाटै वार्षिक कम्तीमा दस लाख रूपैयाँ आम्दानी गर्छन् । शिवशक्ति मिश्रित कृषक समूहका सचिव विष्णुमाया पाण्डेका श्रीमान इन्द्रमणि रोजगारीका लागि दुबईमा थिए । विष्णुमायाले आफ्नै बारीमा सुन्तला खेती गरौं भनेर बोलाइन् । इन्द्रमणि डेढ वर्षअघि आए । विष्णुमायाको बारीमा २५ वर्षअघि बीस बोट सुन्तला थिए, हाल तीन सय बोट छन् । उनले भनिन्, 'गत वर्ष १८० क्विन्टल सुन्तला फल्यो । पोहोर लगाएका ७५ बोटले फल दिन थालेपछि उत्पादन बढ्छ ।' सिम्लेको सुन्तला बुटवल, भैरहवा, स्याङ्जा, पोखरा, काठमाडौं र पूर्वमा धरानसम्म पुग्ने गरेको छ । यहाँको सुन्तला उपभोक्ताको रोजाइमा परेको स्थानीय कृषक रामप्रसाद पौडेलको भनाइ छ । उनले सिम्लेको सुन्तला विदेश निर्यात हुनसक्ने सम्भावना देखेका छन् । 'यहाँको सुन्तला मिठो छ, रसिलो छ । सरकारले विदेश निर्यातका लागि व्यवस्था मिलाइदिने हो भने धेरै कृषक सुन्तला खेतीमा लाग्ने थिए,' उनले भने ।

पाणिनी गाउँपालिकाको पणेना, सिम्ले, पोखराथोक, पटौटी, मैदान लगायतका गाउँमा सुन्तला उत्पादन हुन्छ । मालारानी र छत्रदेव गाउँपालिका पनि खेती छ । कृषि ज्ञान केन्द्रका अनुसार गत वर्ष अर्घाखाँचीमा पाँच हजार ३१० मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । जिल्लामा कुल पाँच सय हेक्टर क्षेत्रफलमा सुन्तला खेती छ । गत वर्ष अर्घाखाँचीमा २७ करोड रूपैयाँको सुन्तला बिक्री भयो । यस वर्ष पनि फल राम्रो लागेको छ । गत वर्षको भन्दा बढी उत्पादन हुने कृषि ज्ञान केन्द्रको अनुमान छ । युवाहरू सुन्तला खेतीमा लाग्न थालेपछि उनीहरू संगठित पनि हुन थालेका छन् । सिम्लेमा ४७ घर परिवारमा दुइटा कृषक समूह छन् । शिवशक्ति मिश्रित कृषक समूहका संस्थापक अध्यक्ष रेवतीका अनुसार समूहहरूले उत्पादन वृद्धि, भण्डारण र बिक्रीमा सहजीकरण गर्छन् । शिवशक्तिमा हाल २५ किसान परिवार आबद्ध छन् । यो समूहले गाउँमा तीन सय मेट्रिक टन क्षमताको शिवशक्ति शीतभण्डार स्थापना गरेका छन् । अर्को छ 'न्यू नमुना पौरखी कृषक समूह' जसमा २२ परिवार आबद्ध छन् । यो समूहले पनि शीतभण्डार स्थापना गरेको छ । कृषकहरू मंसिरदेखि माघभरि बोटबाटै सुन्तला बजार पठाउँछन् । त्यसपछि बाँकी रहेको सुन्तला शीतभण्डारमा राख्छन् । रेवतीका अनुसार सामान्यता तीन महिना शीतभण्डारमा राख्न सकिन्छ । गाउँका युवाहरू सुन्तला खेतीमा लागेपछि गाउँपालिका र प्रदेश सरकारबाट 'सुन्तला ब्लक कार्यक्रम' कार्यान्वयन भएको छ । यसमा 'बागबानी विकास कार्यक्रम' मार्फत मल र बिरुवामा अनुदान प्राप्त हुन्छ । शीतभण्डारमा पनि केही सहयोग प्राप्त हुन्छ । सिम्लेका किसानले तीन जातका सुन्तला लगाएका छन् । धेरै जसो स्थानीय सुन्तला नै लगाएका छन् । यससँगै जापानी उन्सु र भारतीय किन्नो जातको पनि लगाएका छन् । उन्सु र किन्नो जातको सुन्तला भदौमै पाक्छ तर उपभोक्ताको रोजाइमा छैन । चाँडै पाक्ने भएकाले बिक्री हुन्छ । रेवतीका अनुसार सिम्लेको भौगोलिक अवस्थिति र हावापानी सुन्तला खेतीका लागि उपयुक्त छ ।

*-सेतोपाटी डटकम*

# समृद्धिको यात्रामा फड्को मार्दै लक्ष्मी सहकारी

## गर्‍यो २१ औं साधारण सभा

**पाल्पा,** असोज २७/जिल्लाको सदरमुकाम तानसेनमा २०५९ सालमा स्थापना भएको लक्ष्मी बचत तथा ऋण सहकारी संस्थाले २१ वर्षे यात्रामा समृद्धिको फड्को मारेको छ । बचत गर्ने बानी बसाल्ने सोंचका साथ स्थापित यस सहकारीले आफुलाई समृद्धिको दिशामा अब्वल बनाउँदै लगेको हो ।



सहकारीले आफ्ना शेयर सदस्यहरुको आर्थिक समृद्धिसँगै गरिब, महिला, दलित, जनजाति, उत्पीडित तथा विपन्न समुदायहरूको उत्थानमा समेत आफुलाई निरन्तर अगाडि बढाएको छ । आर्थिक समृद्धिको मेरुदण्ड सहकारी भएकाले पनि लक्ष्मी सहकारीले शेयर सदस्यहरुमा सामूहिक भावनाको विकास गरी उपलब्ध श्रम, सीप, श्रोत साधन, पुँजी र प्रविधिको माध्यमबाट समृद्धिको यात्रालाई पहिल्याएको हो । 'सबैका लागि एक र एकका लागि सबै' नै सहकारी हो भन्ने आम बुझाइलाई सार्थकता दिदै सहकारीले वित्तीय सेवामा फड्को नै मारेको छ । ऋण लगानी, वित्तीय पहुँचमा वृद्धि, महिलाको क्षमता वृद्धि, सामाजिक उत्तरदायित्वका क्षेत्रमा लगानीलगायतका वित्तीय कारोबारमा अब्बल बन्दै सहकारी समृद्धिको दिशामा अगाडि बढ्दै आएको छ । यस सहकारी संस्थाले सदस्य केन्द्रित कार्यक्रमलाई जोड दिदैं समुदायमा देखा परेका अनेकन समस्याहरुको समाधान, आर्थिक सम्वृद्धिका क्षेत्रमा खेलेको भूमिका कारण यो सहकारी जिल्लामै अब्बल सावित बन्दै गएको हो ।

३० जना शेयर सदस्यहरुबाट सुरुवात गरेको सहकारीमा अहिले २ हजार ७ सय ४१ सदस्य रहेका छन् । जसको शेयर पुँजी दुई करोड ७ लाख ७३ हजार छ भने बचत संकलन ३१ करोड ५० लाख रहेको छ । वित्तीय सहकारी अभियानमा जागरण, सशक्तिकरण, व्यवसायिकीकरण, गुणास्तरिय सुनिश्चिता, संस्थागत वृद्धि र निरन्तर समृद्धिको खाका तय गर्दै यस सहकारीले शनिबार २१ औं वार्षिक सधारण सभा गरेको छ । सहकारीको अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै समृद्धिको दिशामा आफुहरु अगाडि बढेको संस्थाका अध्यक्ष हरी रायमाझीले बताए । उनले भने 'सहकारीको माध्यमबाट सदस्यहरु बिच आत्मीयता, सद्भाव, र एक आपसमा मैत्री भावको विकास गर्दै सदस्यहरुको आर्थिक उन्नति र व्यवसायिक बनाउने दिशामा हामीहरु अग्रसर रहेका छौं ।' शेयर सदस्यहरुको दुर्घटना बीमा बापतको रकम यस वर्ष ५ लाख कायम गरिएको अध्यक्ष रायमाझीले बताए । उनले शेयर सदस्यहरुको स्वास्थ्यमा प्रतिकूल असर पर्ने रोग लागेमा संस्थाले आफ्नो गच्छे अनुसार सहयोग गर्ने पनि बताए ।

सभामा सचिव उत्तमकुमार बज्राचार्यले प्रगति प्रतिवेदन प्रस्तुत गर्दै संस्थाले सहकारीको मूल्य र मान्यतालाई आत्मसाथ गरी आर्थिक वर्ष २०७९/८० मा ११ लाख ९ हजार १ सय ५ बचत नाफा गर्न सफल भएको बताए । उनले चालु आर्थिक वर्ष २ करोड ५० लाख कर्जा लगानी गर्ने र ३१ करोड ५० लाख बचत फिर्ता गर्ने योजना रहेको समेत जानकारी गराए । संस्थाका कोषाध्यक्ष प्रविन बज्राचार्यले संस्थाको आय व्यव प्रस्तुत गरेका थिए । कार्यक्रममा क्षयरोग निवारण संघ पाल्पाकी सभापति शोभा शाक्य, जेष्ठ शेयर सदस्य छत्रराज शाक्य, सम्मानित व्यक्तित्व सौन्दर्यवती शाक्य, सहकारीका व्यवस्थापक नविन बज्राचार्य लगायतले सहकारीले दुई दशकको अवधिमा समृद्धिको दिशामा फड्को मार्न सफल भएको बताए । सहकारीले असल कारोबार गर्ने र जेष्ठ शेयर सदस्यहरुलाई सम्मान समेत गरेको छ । उसले जेष्ठ शेयर सदस्य राधादेवी रायमाझी, लक्ष्मी सिंह, नुरबहादुर कुंवर, लोकबहादुर रावल, छत्रराज शाक्यलाई सम्मान गरेको हो । यस्तै सहकारीले असल बचत गर्ने शान्ति शाही, आइतेमान नेपाली, मौसमी चिदी, रुक्मागत पाण्डे, देवराज श्रेष्ठ, कल्पना महर्जन, प्रतिक्षा उदय, सौर्न्दयवती शाक्यलाई सम्मान गरेको छ ।

**व्यवस्थापकको विदाई**

साधारण सभाको अवसरमा सहकारीले कूशल व्यवस्थापक नविन बज्राचार्यलाई विदाई गरेको छ । सहकारीमा संस्थापक व्यवस्थापकको रुपमा रही २१ वर्ष सेवा गरेका बज्राचार्यलाई सम्मान सहित विदाई गरेको हो ।

बज्राचार्यले संस्थालाई आर्थिकरुपमा सक्षम र स्थापित गराउन महत्वपूर्ण भूमिका खेलेकै कारण असल व्यवस्थापकका रुपमा सहकारीले लिएको छ । व्यवस्थापक बज्राचार्यले कार्यसम्पादनमा सहकारीका सञ्चालक, कर्मचारी, शेयर सदस्यहरुले आफुहरुलाई ठूलो सहयोग गरेको भन्दै सबैलाई धन्यवाद दिए । संस्थाका अध्यक्ष हरी रायमाझीको अध्यक्षता, उपाध्यक्ष ओमप्रसाद मलेगोको स्वागत, सचिव उत्तमकुमार बज्राचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# विद्यार्थीले दिए शिक्षकलाई...

...हिम्मतका साथ नियमित काम गर्दै आएका उनलाई पूर्व विद्यार्थीहरुले सम्मान स्वरुप उपहार दिएका हुन् । फरक क्षमता भएका व्यक्तिहरुलाई अपहेलना गर्ने, बेवास्ता गर्ने, माया ममता नदिने प्रवृत्ति हावी हुँदै गएको बेला यहाँ पूर्व विद्यार्थीहरुले भने फरक क्षाकताका शिक्षकलाई सम्मान गरेर समाजमा सकारात्मक सन्देश दिएका छन् ।

साठीघरेको साहश र हिम्मत, जोश जागर, आत्मबल सपाङ्गको भन्दा कम छैन । उनले होटल व्यवसाय समेत सञ्चालन गर्दै आएका छन् । अर्को तर्फ वडा कार्यालय नजिकै हुँदा पूर्व शिक्षक साठीघरेले फोटोकपी तथा फोटो खिच्ने, धुलाउने, निवेदन लेख्ने जस्ता कामहरु नियमित रुपमा गर्दै आएका छन् । साठीघरेको शारिरीक अवस्थाको कारण यता, उता, हिड्डुल गर्न ठेला, गाडाबाट कठिनाई देखेकै कारण पूर्व विद्यार्थीहरुले सबैको सहयोगमा स्कुटी प्रदान गरेका हुन् ।

वडा अध्यक्ष एवं विधालय व्यवस्थापन समितिका अध्यक्ष प्रदिप पौडेल सहित, अभियानमा सहभागी पूर्व विद्यार्थी, भुवनपोखरी रुपन्देही सम्पर्क समाजका पदाधिकारी, शुभचिन्तक, विद्यालयका शिक्षक तथा विद्यार्थीहरुले एक औपचारिक कार्यक्रमकाबिच साठीघरेलाई स्कुटरको चावी हस्तान्तरण गरेका थिए । चावी हस्तान्तरण गर्दै वडा अध्यक्ष पौडेलले यो अभियानले ईच्छा, चाहाना र समर्पित भएमा हरेक कामहरु सफल हुने भएकाले सबैको सहयोगले महान अभियान सफल भएको बताए । विद्यालयका प्रधानाध्यापक रिषिराम पोखरेलले विद्यार्थीहरुले आर्जन गरेको शिक्षा समाज सेवामा लगाउनु पर्नेमा जोड दिए । पढेर उच्च अंक ल्याउँदैमा राम्रो व्यक्ति बन्न नसकिने भएकाले अरुको दु:ख कष्ट, पिर मर्कामा सहयोग गर्नु नै महान काम भएकाले सबैले यसको सिको गर्नुपर्ने पोखरेल बताए । पूर्व शिक्षक साठिघरेले विद्यार्थीहरुले गरेको सहयोग कहिल्यै भुल्न नसकिने र जस्तो सुकै अवस्थामा हिम्मत बनाएर काम गरेमा जीवन सफल हुने बताए । काठमाडौंमा भुवनपोखरी रुपन्देही सम्पर्क समाजका उपाध्यक्ष तुल्सीराम पौडेल, पूर्व प्रधानाध्यापक मानबहादुर राउत, पूर्व विद्यार्थी गिरिराज पाण्डे, अमृत बेवारे, अभियान्ता शिक्षक उमेश अधिकारी लगायतले सबैले एक अर्काको दु:ख पिर मर्कामा सक्दो सहयोग गर्नुपर्नेमा जोड दिए ।

**खेलकुद समाचार**

## न्युजिल्यान्डले बङ्गलादेशलाई ८ विकेटले हरायो



**काठमाडौं,** असोज २७/आईसीसी एकदिवसीय विश्वकप क्रिकेटमा न्युजिल्यान्डले बङ्गलादेशलाई ८ विकेटले हराएको छ । न्युजिल्यान्डको यो लगातार तेस्रो जित हो ।

न्युजिलयान्ड अंक तालिकाको शीर्ष स्थानमा रहेको छ । जितका लागि २ सय ४६ रनको लक्ष्य पछ्याएको न्युजिल्यान्डले ४२ ओभर ५ बलमा २ विकेट गुमाउँदै भेट्टायो । न्युजिल्यान्डका डर्याल मिचेल ८९ रनमा अविजित रहे । कप्तान केन विलियम्सन ७८ रनमा रिटायर्ड आउट भए । डेभन कन्वे ४५ र रचिन रविन्द्र ९ रनमा आउट भए । ग्लेन फिलिप्स १६ रनमा अविजित रहे । बङ्गलादेशका सकिब अल हसन र मुश्ताफिजुर रहमानले एक/एक विकेट लिए । त्यसअघि चेन्नईमा टस हारेर पहिला ब्याटिङ गरेको बङ्गलादेशले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै २ सय ४५ रन बनाएको थियो । बङ्गलादेशका मुश्फिकुर रहिमले सर्वाधिक ६६ रन बनाए । कप्तान सकिब अल हसन ४० रनमा आउट भए । महमुदुल्लाह रियाद ४१ रनमा अविजित रहे । न्युजिल्यान्डका लोकी फर्गुसनले ३ विकेट लिए । ट्रेन्ट बोल्ट र म्याट हेनरीले समान दुई/दुई विकेट लिए । न्युजिल्यान्डले पहिलो खेलमा इङ्ल्यान्डलाई र दोस्रो खेलमा नेदरल्यान्ड्सलाई हराएको थियो ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

**कर्पोरेट/अर्थ समाचार**

## ग्लोबल बैकको दसैं विशेष टिकटकमा ६० हजार जित्ने अवसर




**पाल्पा,** असोज २७/ ग्लोबल आइएमई बैंक लिमिटेडले दशैं विशेष टिकटक प्रतियोगितामा ६० हजार जित्ने योजना ल्याएको छ । बैंकले युवा युवतीहरूमा वित्तीय साक्षरता बढाउँदै डिजिटल बैङ्किङ्ग सेवालाई प्रवर्द्धन गर्ने उद्देश्यले टिकटक प्रतियोगितामार्फत सो अवसर ल्याएको हो ।

उक्त प्रतियोगितामा सहभागी हुन बैंकको टिकटक पेजमा गई बैंकले दसैंको सामग्रीहरू समावेश गरी तयार गरेको गीतमा आफ्नो टिकटक बनाइ बैंकले सार्वजनिक गरेको सर्तहरू पुरा गरी आफ्नो टिकटक पेजमा प्रकाशित गर्नुपर्नेछ । प्रतियोगितामा सहभागी मध्ये धेरै लाईक आउने तीन जना सहभागीलाई क्रमश: प्रथम पुरस्कार रु ६० हजार दोस्रो पुरस्कार रु ३५ हजार र तेस्रो पुरस्कार रु २५ हजार प्रदान गरिनेछ ।

यो प्रतियोगितामा सहभागी हुन कार्तिक १२ गतेसम्म टिकटक प्रकाशन गरिसक्नु पर्ने कम्पनीले जनाएको छ ।

## लम्पी स्किन रोगबाट बचाउने उपायहरु

**पशुमा लाग्ने लम्पी स्किन रोगबाट बचाउन :**

- झिँगा, लामखुट्टे, किर्ना, भुसुना जस्ता टोक्ने वा रगत चुस्ने किराहरुको नियन्त्रण गरौं ।
- तीन महिना भन्दा बढी उमेर समुहका पशुलाई लम्पी स्किन विरुद्धको खोप वर्षेनी लगाऔं ।
- गोठ सफा राखी नियमित फिनेल पानी छर्कने गरौं ।
- रोगी पशुलाई सामुहिक चरन/खर्क/आहालमा नलैजाऔं।
- संक्रमित क्षेत्रका पशुको ओसार-पसार नगरौं ।
- अन्यत्रबाट ल्याईएको पशुलाई कम्तिमा २८ दिन अलग्गै राखौं ।
- मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुरौं ।
- पशुचिकत्सकसँग परामर्श गरी लम्पी स्कीन रोग विरुद्ध खोप लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई